नौमुले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमुले, दैलेख

(रोजगार शाखा)

पत्र संख्या:– २०७९।०८०     चलानी नं. ............     मिति:-२०७९।११।०३

## विषय:- न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिनेबारे सूचना ।

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली, २०७५ को दफा ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८०।०८१ मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० (एक सय) दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७९ फाल्गुण मसान्त सम्ममा आफुले स्थायी बसोबास गरिरहेको यस गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई बेरोजगार व्यक्तिको सूचीमा सुचिकृत हुनका लागि निवेदन दिनुहुन अनुरोध छ। अनुसुचि (१) निवेदनको ढाँचा रोजगार सेवा केन्द्रमा उपलब्ध हुने भएको हुँदा सम्बन्धित वडा कार्यालयहरुले लिई सक्नुहुन अनुरोध गरिन्छ।

साथै सम्बन्धित वडा समितिले आगामी आर्थिक वर्ष २०८०।०८१ मा संचालन गरिने आयोजनाको फाल्गुण र चैत्र मसान्त भित्र विपन्न बेरोजगार व्यक्ति लक्षित सामाजिक र आर्थिक उन्नतिमा सघाउ पुर्‍याउने गरि तहाँ वडा भेलाको बैठकको निर्णयबाट प्रत्येक वडाहरुले ५ (पाँच) वडा योजना छनोट कार्य गर्न गराउनुहुन सम्बन्धित सबैका लागि यो सुचना प्रकाशित गरिएको छ।

### न्यूनतम रोजगारीमा संलग्न हुनका लागि आवश्यक मापदण्ड

१. निवेदक चालु आ.व. न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नरहेको ।
२. निवेदक १८ वर्ष पुरा भई ५९ वर्ष उमेर ननाघेको ।
३. नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक रु. ५७७००।- भन्दा कम वार्षिक आय भएको परिवार ।
४. परिवारको सबै सदस्यको नागरिकता/जन्म दर्ताको फोटोकपी ।
५. हालसालै खीचेको पासपोर्ट साईजको फोटो १ थान ।
६. सम्बन्धित वडाको स्थायी बासिन्दा/अन्यत्र बाट बसाईसराई गरी आएमा बसाईसराईको प्रमाण पत्र भएको ।
७. वैदेशिक रोजगार बाट फर्किएको वा श्रम स्वीकृत लिई वैदेशिक रोजगारीमा जान नपाएको ।
८. पुर्ण विवरण सहित रीतपूर्वक निवेदन दिई कार्यक्रममा सहभागि हुन ईच्छुक ।
९. लागत आ.व. मा निवेदन दिई सुचिकृत भएको तर न्युनतम १०० दिनको रोजगारीमा समावेश हुन नपाएको व्यक्ति ।

### बेरोजगार व्यक्ति छनोट प्रक्रियाको प्राथमिकताक्रम निर्धारणका आधार

१. कृषि उत्पादनले कम्तिमा ३ महिना खान नपुग्ने ।
२. बसोवासको लागि आफ्नै घर नभएको परिवार ।
३. एकल महिला घरमूली भएको परिवार ।
४. दलित, अल्पसंख्यक, वा लोपोन्मुख समुदायको परिवार ।
५. कोहिपनि सदस्य रोजगारीमा समावेस नरहेको वा सामाजिक सुरक्षा भत्ता लगायत सरकारी कोषबाट सुविधा नलिएको परिवार ।
६. सहिद तथा वेपत्ता पारिएको परिवार ।
७. महिला बेरोजगार व्यक्ति ।
८. बैदेशिक रोजगार बाट फर्किएको वा श्रम स्वीकत लिई वैदेशिक रोजगारीमा जान नपाएका व्यक्ति ।

थप जानकारीको लागि रोजगार सेवा केन्द्रमा सम्पर्क (९८५८०८८१७०) राख्न सकिने छ ।

सदिप बि.क.
रोजगार संयोजक

रेशम बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत

Website: naumulemun.gov.np Email: naumulegapa@gmail.com
सम्पर्क अध्यक्ष ९८०२५४५८५० उपाध्यक्ष ९८०२५४५८६० प्रपअ ९८०२५४५८७० प्रशासन ९८०२५४५८७५ लेखा ९८०२५४५८७१